मिति:२०८०/०६/२७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०/०६/२५ को निर्णय (मा. मन्त्रीस्तर) वमोजिम स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिले राखेका २० वुँदे मागका सम्वन्धमा सहसचिव श्री कमलप्रसाद भट्टराईको संयोजकत्वमा गठित सम्वाद समिति र संघर्ष समितिका संयोजक श्री दिपक गौतम लगायतका प्रतिनिधि बीच राष्ट्रियस्तरका ट्रेड यूनियनहरुको उपस्थितिमा विभिन्न चरणको बैठकमा भएका छलफल र सम्वादवाट मागसँग सम्वन्धित देहायका विषयहरुमा निम्नानुसारको निष्कर्षमा पुगियो।

खण्ड (क)

| क्र.सं. | संघर्ष समितिका माग | छलफल तथा सम्वादको निष्कर्ष | कैफियत |
|---|---|---|---|
| १ | एकीकृत निजामती सेवा ऐन हुनुपर्ने । | ऐनमा सङ्घ, प्रदेश र स्थानीय सेवाका कर्मचारीहरुको सेवा र शर्तका विषयमा न्यूनतम मापदण्ड समावेश गर्ने। | |
| २ | स्थानीय सेवाको पदमा वहाल रहेका कर्मचारीहरुलाई निजामतीको परिभाषा भित्र समेटिनुपर्ने। | प्रदेशले कानुन निर्माण गर्दा पालना गर्नुपर्ने मापदण्डमा स्थानीय सेवाका स्थायी कर्मचारीलाई निजामती कर्मचारीका रुपमा परिभाषित गर्ने व्यवस्था समावेश गर्न पहल गर्ने । | |
| ३ | प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको नै रहने व्यवस्था गरिनुपर्ने। | प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको पद रहने व्यवस्था गर्न र यस्तो पदमा ऐन प्रारम्भ भएको मितिले पाँच वर्षसम्म सङ्घीय निजामती सेवाका कर्मचारी खटाउने व्यवस्था समावेश गर्न उपयुक्त हुने। | |
| ४ | तीनै तहमा तहगत प्रणाली लागु गरिनुपर्ने। | सङ्घ, प्रदेश र स्थानीय तहमा तहगत प्रणाली लागु गर्ने। | |

| क्र.सं. | संघर्ष समितिका माग | छलफल तथा सम्वादको निष्कर्ष | कैफियत |
|---|---|---|---|
| ५ | (क) सरुवा: प्रदेश भित्र प्रदेशले र अन्तर प्रदेश सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ ओटै स्थानीय तहरुमा विना सहमति स्वचालित, वैज्ञानिक, पूर्व अनुमानयोग्य र चक्रिय प्रणाली अनुसार २/२ वर्षमा हुनुपर्ने,<br>(ख) कर्मचारी समायोजन ऐन वमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको हकमा सङ्घमा सरुवा हुन पाउने र स्थानीय तहवाट स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा एकपटकका लागि समायोजन पुनरावलोधन गरिनुपर्ने। | (क) अन्तर स्थानीय तह सरुवा सम्वन्धित प्रदेशवाट प्रदेश कानुन वमोजिम हुने व्यवस्था गर्ने र अन्तर प्रादेशिक सरुवा सङ्घवाट सङ्घीय कानुन वमोजिम हुने व्यवस्था गर्ने ।<br>(ख) एक पटकलाई ईच्छुक, समायोजन हुन वाँकी रहेका र फाजिलमा परेका कर्मचारीलाई समायोजनमा सहभागी हुन पाउने कानुनी व्यवस्थाको लागि पहल गर्ने । | |
| ६ | वढुवा : (क) न्यूनतम योग्यता पुगेका कर्मचारीलाई ३ वर्ष र तहवृद्धि ५/५ वर्षमा हुनुपर्ने,<br>(ख) निश्चित अवधि र न्यूनतम योग्यता पुगेका कर्मचारीहरुको हकमा कम्तिमा ५० प्रतिशत पदमा स्थानीय सेवावाट प्रदेश र सङ्घमा, प्रदेशवाट सङ्घ र स्थानीयमा तथा सङ्घवाट प्रदेश र स्थानीय सेवामा वढुवा हुनु पाउनु पर्ने,<br>(ग) कर्मचारी समायोजन ऐन वमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई एकपटकका लागि वढुवा प्रक्रियाद्वारा सङ्घीय सेवामा जान पाउनुपर्ने, | (क) प्रत्येक पाँच वर्षमा तह वृद्धि हुने व्यवस्था तथा एकै पदमा सेवा अवधि वाह्र वर्ष पुगेकाको हकमा एक पटकको लागि दुई तहसम्म वृद्धिको व्यवस्था गर्न पहल गर्ने ।<br>(ग) समायोजन भएका कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्था वमोजिम नै सङ्घीय निजामती सेवाको पदमा वढुवाको अवसर प्रदान गर्ने । | |

CamScanner

| क.सं. | संघर्ष समितिका माग | छलफल तथा सम्वादको निष्कर्ष | कैफियत |
|---|---|---|---|
| | (घ) स्थानीय तहका लागि खुल्ला प्रतियोगिताबाट अधिकृत छैटौं तहमा सेवा प्रवेश गरेका कर्मचारीलाई नियुक्ति मितिदेखि नै ज्येष्ठता कायम हुने गरी सातौं तहमा तह मिलान गरिनुपर्ने,<br>(ङ) विविध तथा अन्य सेवामा कार्यरत कर्मचारीहरुको हकमा सेवा परिवर्तन गरी प्रशासन सेवामा समाहित गरी वृत्ति विकासको अवसर प्रदान गरिनुपर्ने।<br>(च) साविक स्थानीय निकायमा कार्यरत कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समान तहमा समायोजन भएका कर्मचारीहरुको तहवृद्धि तथा ग्रेड वृद्धि नभएकोले समायोजनको मिति देखि नै जेष्ठता कायम हुने गरी तहवृद्धि हुनुपर्ने। | (घ) लोक सेवा आयोगबाट वि.सं. २०७६ सालको विज्ञापनमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैटौं तहका कर्मचारीहरुको सबै प्रदेशमा समान रुपमा सातौं तहमा कानुन बमोजिम तह मिलान/तह समायोजनको व्यवस्थाका लागि पहल गर्ने।<br>(ङ) विद्यमान कानुनमा भएको सेवा परिवर्तन सम्बन्धी व्यवस्था बमोजिम आवश्यकता अनुसार प्रकृया अगाडि बढाउने।<br>(च) आवश्यकता अनुसार कानुनी तथा नीतिगत व्यवस्था गर्न उपयुक्त हुने । | |
| ७ | सेवाका सुरक्षा: (क) तीनै तहमा कार्यरत कर्मचारीहरुलाई जुनसुकै तहको विज्ञापनमा उमेर हद नलाग्ने र सेवा अवधि जोडिने व्यवस्था गरिनुपर्ने.<br>(ख) स्थानीय सेवाका कर्मचारीको हकमा योगदानमा आधारित निवृत्तिभरण तथा सेवा निवृत्तिभरण कोषको व्यवस्था, उपचार कोष र उपदानको व्यवस्था सङ्घबाट गरिनुपर्ने,<br>(ग) स्थानीय तहमा कार्यरत बहालवाला कर्मचारीहरुलाई सङ्घीय निजामती कर्मचारीले पाउने सम्पूर्ण प्रकारका सेवाहरु(सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति, स्वदेशी तथा वैदेशिक छात्रवृत्ति, विदेश भ्रमण, | (क) कानुन बमोजिम प्रतिस्पर्धात्मक प्रतियोगितामा सहभागी हुन तीन वटै तहमा कार्यरत स्थायी कर्मचारीहरुलाई उमेर हद नलाग्ने र सेवा अवधि गणना गर्ने।<br>(ख) स्थानीय तहका कर्मचारीहरुको निवृत्तिभरणजन्य सुविधाको लागि कानून बमोजिम कोषको व्यवस्था गर्न उपयुक्त हुने ।<br>(ग) नीतिगत व्यवस्था गरी स्थानीय तहका स्थायी कर्मचारीलाई सङ्घीय निजामती सेवाका कर्मचारी सरहको शैक्षिक प्रोत्साहन वृत्ति, स्वदेशी तथा वैदेशिक छात्रवृत्ति, | |



CS CamScanner

| क.सं. | संघर्ष समितिका माग | छलफल तथा सम्वादको निष्कर्ष | कैफियत |
|---|---|---|---|
| | निजामती अस्पतालमा उपचार सहुलियत लगायतका) सेवा सुविधाहरु उपलब्ध गराउने व्यवस्थाको सुनिश्चित गरिनुपर्ने, (घ) साविक निजामती तथा अन्य सेवामा कार्यरत रही हाल स्थानीय सेवामा सिमारिस भई रमाना लिई आएका कर्मचारीहरुका हकमा सेवा अवधि सहित सेवा प्रवेशकै शर्त वमोजिमको सुविधाहरु सङ्घवाट उपलब्ध गराउनुपर्ने। | विदेश भ्रमण सुविधा उपलब्ध गराउने तथा सहुलियतपूर्ण उपचारको लागि निजामती कर्मचारी अस्पताल मार्फत आवश्यक पहल गर्ने । (घ) कानून वमोजिम सुविधा उपलब्ध गराउन आवश्यक पहल गर्ने । | |
| ८ | अन्तर तह: स्थानीय तहमा कार्यरत कर्मचारीहरुका लागि प्रदेश र सङ्घीय सेवाको पदमा ५० प्रतिशत संख्या निर्धारण गरी अन्तर तह प्रतियोगिताको माध्यमवाट तह परिवर्तनको अवसर प्रदान गरिनुपर्ने। | अन्तर तह प्रतियोगिताका लागि पद अनुसार २० प्रतिशतसम्म कायम गर्ने। | |
| ९ | तालिम: (क) स्थानीय तहका कर्मचारीहरुलाई सेवा प्रवेशसँगै सवै पदमा अनिवार्य सेवा प्रवेश र सेवाकालिन तालिम (ख) प्रत्येक वर्ष सवै पद र समूहका स्थानीय तहका कर्मचारीहरुलाई कम्तिमा एक हप्ताको पुनर्ताजकिय तालिमको व्यवस्था गरिनुपर्ने। | आवश्यक नीतिगत व्यवस्था गरी सम्वन्धित निकायमार्फत तालिमको प्रवन्ध मिलाउने । | |
| १० | स्थानीय तहमा कार्यरत स्थायी कर्मचारी र निजका सन्ततीको हितको लागि कर्मचारी कल्याणकोपको व्यवस्था गरिनुपर्ने। | सवै स्थानीय तहले कानुन वमोजिम कर्मचारी कल्याण कोपको व्यवस्था गर्न उपयुक्त हुने । | |
| ११ | तीनै तहका कार्यरत कर्मचारीहरुको वृत्ति विकासको अवसर समान हुनुपर्ने। | तीन तहमा कार्यरत कर्मचारीलाई कानुन वमोजिम वृत्ति विकासको अवसर समान रुपमा उपलब्ध गराउने। | |

CS CamScanner

| क्र.सं. | संघर्ष समितिका माग | छलफल तथा सम्वादको निष्कर्ष | कैफियत |
|---|---|---|---|
| १२ | स्थानीय सेवाका साविक स्थानीय निकायका कर्मचारीहरुको उपदानको व्यवस्था सङ्घीय सरकारवाट हुनुपर्ने। | साविक स्थानीय निकायका कर्मचारीलाई कानुन वमोजिम उपदान सुविधा उपलब्ध गराउने। | |
| १३ | (क) सङ्घीय निजामती सेवा ऐन जारी हुँदाका बखत अस्थायी तथा सेवा करारमा कार्यरत रहेका र न्यून्तम शैक्षिक योग्यता भएका कर्मचारीहरुलाई एकपटकको लागि उमेरको हद नलाग्ने गरी लोक सेवा आयोगको सीमित आन्तरिक प्रतियोगिताको माध्यमवाट स्थायी गर्ने र उक्त प्रक्रियवाट स्थायी हुन नसकेका कर्मचारीलाई सेवा अवधिको आधारमा उपयुक्त सेवा सुविधा सहित अवकाश दिने व्यवस्था गरिनुपर्ने।<br>(ख) साविक स्थानीय निकायमा अस्थायी, ज्यालादारी तथा सेवा करारमा कार्यरत रहेका तर स्थानीय सेवाको लागि लोक सेवाको विज्ञापनवाट एकपटकको लागि उमेरको हद नलाग्ने प्रावधान वमोजिम स्थानीय सेवामा प्रवेश गरेका कर्मचारीहरुको सेवा अवधि उमेरहदका कारण २० वर्ष नपुगेको हकमा पहिला अस्थायी, सेवा करार र ज्यालादारीमा कार्यरत रही काम गरेको सेवा अवधि समेत जोडेर सुविधा प्रादन गर्ने व्यवस्था गरिनुपर्ने। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८७ मा आवश्यक परिमार्जन गर्न उपयुक्त हुने। | |
| १४ | स्थानीय सेवाका कर्मचारीहरुलाई ट्रेड युनियनको अधिकार प्रदान गरिनुपर्ने। | सङ्घीय निजामती सेवामा व्यवस्था भए अनुसार नै प्रदेश कानुन वमोजिम ट्रेड युनियन अधिकार प्रदान गर्न उपयुक्त हुने । | |

CamScanner

| क्र.सं. | संघर्ष समितिका माग | छलफल तथा सम्वादको निष्कर्ष | कैफियत |
|---|---|---|---|
| १५ | सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासवाट मिति २०७८/१०/१२ गते जारी भएको कर्मचारीहरुको सम्वन्धमा निर्देशनात्मक आदेशको कार्यान्वयन गरिनुपर्ने। | सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन हुने। | |
| १६ | स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सिटरोल फाराम एकीकृत प्रणालीमा दर्ता गर्ने व्यवस्था गरिनुपर्ने। | PIS र PPIS मा एकिकृत रुपमा अभिलेख व्यवस्थापन गर्न नीतिगत प्रवन्ध गर्ने। | |
| १७ | कर्मचारी समायोजन ऐन वमोजिम स्थानीय तहमा समायोजन भएपछि प्रदेश ऐन र स्थानीय सेवा सञ्चालन ऐन जारी हुँदा तहवृद्धि भएका कर्मचारीहरु सङ्घमा सरुवा, वढुवा वा समायोजन पुनरावलोकन भई सङ्घमा फिर्ता हुँदा तहवृद्धि भएको पद नै कायम गरिनुपर्ने र समायोजन हुँदा थप भएको २ ग्रेड समेत सेवा अवधिमा जोडिनु पर्ने व्यवस्था गरिनुपर्ने। | कानुनी व्यवस्थाको लागि आवश्यक पहल गर्ने। | |
| १८ | स्थानीय तहमा कार्यरत खानेपानी तथा सरसफाई टेक्निसियन पदका कर्मचारीहरुको शैक्षिक योग्यताको आधारमा असिस्टेन्ट संव इन्जिनियर, सव इन्जिनियर पदनाम कायम गरिनुपर्ने। | विद्यमान कानुनमा भएको सेवा परिवर्तन सम्वन्धी व्यवस्था वमोजिम आवश्यकता अनुसार प्रक्रिया अगाडी वढाउने। | |
| १९ | सङ्घीय लोकसेवा आयोगवाट वि.सं. २०७६ मा स्थानीय तहमा सिफारिस भई नियुक्त भएका कार्यरत कर्मचारीहरुको विभिन्न मितिमा स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरुको व्यवस्थापन सम्वन्धी मापदण्ड (शंसोधित सहित), २०७७ वमोजिम कामकाजमा खटाइएका | लोक सेवा आयोगको सिफारिसमा स्थानीय तहमा नियुक्त भएका तथा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम स्थानीय तहमा समायोजन (साविक स्थानीय निकाय समेत) भई विभिन्न स्थानीय तहमा कार्यरत रहेका र यस अघि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट विभिन्न मितिमा | |

CamScanner

| क.सं. | संघर्ष समितिका माग | छलफल तथा सम्वादको निष्कर्ष | कैफियत |
|---|---|---|---|
| | कर्मचारीहरुलाई सम्बन्धित स्थानीय तहमा नै पदस्थापन गर्नुपर्ने व्यवस्था गरिनुपर्ने। | सम्वन्धित स्थानीय तहको दोहोरो सहमतिमा सम्बन्धित स्थानीय तहबाटै तलव भत्ता भुक्तानी हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि कामकाजमा खटाईएका कर्मचारीहरुलाई मागका आधारमा खटिएकै स्थानीय तहमा पदस्थापनको लागि प्रचलित कानुनको अधिनमा रही नीतिगत प्रवन्ध गर्ने। | |

**खण्ड (ख)**

माथि उल्लेखित छलफल तथा सम्वादको निष्कर्षका आधारमा स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिले आजकै मितिदेखि काठमाडौं केन्द्रित प्रदर्शन लगायतका सम्पूर्ण विरोधका क्रियाकलापहरु फिर्ता लिई आ-आफ्नो कार्यक्षेत्रमा फर्की सेवा प्रवाह सूचारु गर्ने ।

**खण्ड (ग)**

माथि उल्लेखित छलफल तथा सम्वादको निष्कर्ष वमोजिमका व्यवस्थाहरुमध्ये सङ्घीय निजामती सेवा विधेयकसंग सम्वन्धित विषयहरु आवश्यक प्रवन्धको लागि सम्वन्धित निकायमा लेखी पठाउने ।

CamScanner

| सम्वाद समिति | | | संघर्ष समिति | | |
| --- | --- | --- | --- | --- | --- |
| नाम, थर | पद | दस्तखत | नाम, थर | पद | दस्तखत |
| श्री कमलप्रसाद भट्टराई | सहसचिव/संयोजक | | श्री दिपक गौतम, | संयोजक | |
| श्री नारायण प्रसाद अर्याल | सहसचिव/सदस्य | | श्री प्रकाश दत्त भट्ट | सदस्य | |
| श्री टंक बहादुर महत | उपसचिव/सदस्य | | श्री मेघराज खत्री | सदस्य | |
| श्री खिल राज राई | उपसचिव/सदस्य | | श्री विजय कुमार देवकोटा | सदस्य | |
| | | | श्री प्रेम गिरी | सदस्य | |
| राष्ट्रिय स्तरका ट्रेड युनियनका प्रतिनिधि | | | | | |
| श्री रेवन्त गौतम | उपाध्यक्ष, नेपाल निजामती कर्मचारी संगठन | | श्री निरज थापा मगर | | |
| श्री उत्तम कुमार कट्टवाल | कार्यवाहक अध्यक्ष, नेपाल निजामती कर्मचारी युनियन | | श्री विक्रम शाही | | |
| श्री डिलाराम खनाल | महासचिव, नेपाल राष्ट्रिय कर्मचारी संगठन | | श्री छविलाल ढकाल | | |
| श्री शरण कुमार गुरुङ्ग | सहअध्यक्ष, एकिकृत सरकारी कर्मचारी संगठन नेपाल | | श्री महेश दत्त भट्ट | | |
| श्री भुवनेश्वर चौधरी | अध्यक्ष नेपाल मधेशी निजामती कर्मचारी मञ्च | | श्री दिपक सिंह धामी | | |
| श्री सीता गुरुङ | उपाध्यक्ष एकिकृत सरकारी कर्मचारी संगठन नेपाल | | श्री दिनेश रावल | | |
| श्री जिवन काफ्ले | महासचिव, नेपाल निजामती कर्मचारी संगठन | | श्री दामोदर कार्की | | |
| श्री ईन्दु शर्मा पौडेल | उपमहासचिव, नेपाल निजामती कर्मचारी युनियन | | श्री कमल घर्ती | | |
| श्री विनोद चौधरी | सचिव, नेपाल राष्ट्रिय कर्मचारी संगठन | | श्री लेखराज सिंह | | |



CS CamScanner